प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं. ५
बुटवल, नेपाल

फोन न.०७१-४४५५५८

मिति : २०७६।५।८

प.सं.- २०७५/०७६
च. न.

**विषय : पुस्तकालयलाइ अनुदानको लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सुचना ।(माध्यमिक विद्यालय तथा सार्वजनिक पुस्तकालय दुवै।)**

प्रस्तुत विषयमा यस आ व २०७६।०७७ को वार्षिक कार्यक्रम अनुसार प्रदेश नं न ५ अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक माध्यमिक विद्यालय तथा सार्वजनिक पुस्तकालयहरुलाई उक्त विद्यालय/ पुस्तकालयले पेश गरेको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले विद्यालयहरु तथा सार्वजनिक पुस्तकालयहरुले कार्यक्रमको विस्तृत विवरण र कार्यान्वयन योजना निर्माण गरि व्यवस्थापन समितिको निर्णय सहित तपसिलको ढाँचामा रहि मिति २०७६।६।८ गते भित्र यस निर्देशनालयमा प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सवैलाई जनकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।( प्रस्तावनाको साथमा गत आ व को सामाजिक परीक्षण र लेखा परीक्षण प्रतिवेदन अनिवार्य पेश गर्नुपर्नेछ ) सुचनाको म्यदपछि प्राप्त हुने प्रस्तावना उपर कुनै कार्वाही नहुने व्यहोरा समेत सम्वन्धित सवैलाई अनुरोध छ ।

२०७६।५।८
नि. निर्देशक

प्रस्तावनाको ढाँचा (आवश्यक्तानुसार हेरफेर गर्न सकिने )

**१ विद्यालयको /सार्वजनिक पुस्तकालयको संक्षिप्त चिनारी**

**२ विद्यालयको /सार्वजनिक पुस्तकालयको सभौतिक अवस्था**

( (क) क्षेत्रफल भवन कक्षाकोठा र फर्निचर समेत ( जग्गाको हकमा जग्गाधनि प्रमाणपत्रको प्रतिलिपि नै पेश गर्नुपर्नेछ ) (ख) पुस्तकालयको अवस्था (ग) खानेपानिको अवस्था (घ) शौचालयको अवस्था

**३ सार्वजनिक पुस्तकालयमा जनशक्तिको अवस्था**

**४ पाठक संख्या सार्वजनिक पुस्तकालयको हकमा मात्र ।**

**५ शिक्षक विवरण सामुदायिक विद्यालयको मात्र :**

तहगत ,स्वीकृत दरवन्दि ,राहत अनुदान, निजी श्रोतका सवै शिक्षकको विवरण शैक्षिक योग्यता सहित

**६ पुस्तकालय सम्वन्धि विवरण**

(६ . क) पुस्तकालय सञ्चालन गर्ने अनुमति सम्वन्धि विवरण( पुस्तकालय सञ्चालन गर्ने अनुमति पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ । सार्वजनिक पुस्तकालयको लागि मात्र ।)

**विद्यालय तथा सार्वजनिक पुस्तकालयहरु दुवैको लागि**

(छ .ख) पुस्तकालयको अवस्था – हालसम्म पुस्तकालय व्यवस्थापनकालागि प्राप्त अनुदान (शुरु देखि हालसम्म )रकम रु ।( प्राप्त अनुदान वाट व्यवस्थापन गरिएका सवै प्रकारका सामग्रीहरु उल्लेख गर्नुपर्नेछ ।)

(छ .ज) अनुदानवाट व्यवस्थित गरिएको पुस्तकालयको अवस्था : जम्मा पुस्तक संख्या ............पुस्तको विषयक्षेत्र समेत उल्लेख गर्नुपर्नेछ

**७ प्रस्तावनाको उद्देश्य**

**८ कार्य योजना प्रतिफल सुचक सहित**

**९ अनुमानित लागत**

**१० अपेक्षित नतिजा**

**११ जोखिम**

**१२ निष्कर्ष**